# लोक सेवा आयोग

अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

मिति : २०७५।०६।२०

समय:- ३ घण्टा पूर्णाङ्क:- १००

पत्र:- चतुर्थ

विषय:- सेवा समूह सम्बन्धी विषय (Service Related Subject)

निम्न प्रश्नको उत्तर Section अनुसार बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## Section - A

1. सार्वजनिक व्यवस्थापनका आधारभूत मूल्यहरू उल्लेख गर्दै नेपालको सार्वजनिक व्यवस्थापनमा व्यवस्थापकीय मूल्य र मान्यताको प्रयोगको अवस्था उल्लेख गर्नुहोस् । 5+5=10

   What are the core values of public management? Describe the status of implementation of values and norms of public management in Nepalese public sector.

2. नेपालको सार्वजनिक प्रशासनमा कायम रहेका चुनौतीहरू पहिचान गरी यी चुनौतीहरू सामना गर्न अवलम्बन गर्नुपर्ने सुझावहरू उल्लेख गर्नुहोस् । 5+5=10

   Identify existing challenges of Nepal's Public Administration and suggest recommendations to overcome these challenges.

3. प्रशासकीय व्यावसायिकताको अवधारणा उल्लेख गर्दै सार्वजनिक क्षेत्रमा कार्यरत जनशक्तिको व्यावसायिकताको विकास गर्न के-कस्ता पक्षमा जोड दिनुपर्ने हुन्छ? लेख्नुहोस् । 5+5=10

   Describe the concept of administrative professionalism. What are the aspects that should be focused for enabling professionalism of the people, working in the public sector.

## Section - B

4. सार्वजनिक ऋण भनेको के हो? सार्वजनिक ऋण कसले परिचालन गर्दछ? सार्वजनिक ऋण परिचालन र उपयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । 5+2+3=10

   What is public debt? Who mobilizes the public debt? Mention the aspects that need to be kept in mind while mobilizing and utilizing public debt.

5. नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा प्रयोग गर्ने खुला बजार कारोवारको सञ्चालन विधि उल्लेख गर्नुहोस् । साथै, के परिमाणात्मक सहजीकरण खुला बजार कारोवारकै एक अङ्ग हो? प्रष्ट पार्नुहोस् । 6+4=10

   Mention the open market operation procedure which is considered as a major instrument of the monetary policy of Nepal Rastra Bank. Is the quantative easing will be the component of the open market operation?

क्रमश:

## Section - C

6. सरकारी आर्थिक कारोवारमा एकल खाता कोष प्रणालीको महत्व उल्लेख गर्दै उक्त प्रणाली सञ्चालन प्रकृयाको बारेमा छोटकरीमा लेख्नुहोस् । 4+6=10

   Write in brief the importance and operation procedures of Treasury Single Account (TSA) in government financial transactions.

7. बजेट निर्माण प्रक्रिया एवं चरणको सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 मा भएका व्यवस्था संक्षेपमा उल्लेख गर्नुहोस् । 10

   Briefly describe the procedure and stages of budget formulations process according to Financial Procedure and Fiscal Accountability Act, 2076, and Financial Procedure and Fiscal Accountability Regulation, 2077.

8. लेखापरीक्षण बेरूजु भन्नाले के बुझ्नुहुन्छ? सरकारी लेखापरीक्षणबाट औंल्याउने बेरूजु बढ्नुका कारण विश्लेषण गर्दै बेरूजु फछ्यौटका लागि अवलम्बन गर्नुपर्ने उपायका बारेमा लेख्नुहोस् । 2+3+5=10

   What do you mean by Audit Irregularities. While analyzing the reasons for mounting government audit irregularities, suggest measures to be adopted in settling the audit irregularities.

## Section - D

9. "संघीय शासन प्रणाली" भन्नाले के बुझ्नुहुन्छ? नेपालले संघीय प्रणाली अवलम्वन गर्नुका कारणहरू उल्लेख गर्दै हालको शासन प्रणालीलाई सफल गराउन आवश्यक सुझाव प्रस्तुत गर्नुहोस् । 2+4+4=10

   What do you understand by "federal governance system"? Mention the reasons to adopt federal governance in Nepal state and give suggestions to make this system a success in the Nepalese context.

10. प्रतिनिधि सभा र राष्ट्रिय सभाबीच कुनै पनि विषयमा मत भिन्नता उत्पन्न भएमा सो को समाधान गर्ने व्यवस्थाको सम्बन्धमा हाल कायम रहेको व्यवस्था विस्तृत रूपमा उल्लेख गर्नुहोस् । 10

    How the disputes between House of Representative and National Assembly will be settled as per existing system. Describe it in detail.

««समाप्त»»